# आर्थिक बर्ष २०८१/८२
# को बजेट वक्तव्य

## खार्पूनाथ गाँउपालिका
## याङ्चुबजार, हुम्ला
## २०८१, असार १० गते सोमबार

गाँउसभाको बैठकमा २०८१ साल असार १० गते आईतवार गाँउपालिकाका उपाध्यक्ष श्री ज्ञान वहादुर सिंह ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८१/८२ को बजेट वक्तव्य

खार्पूनाथ गाँउपालिका
याङ्चुबगर, हुम्ला
२०८१, असार

सम्मानित अध्यक्ष ज्यू ,
वडाध्यक्ष ज्यूहरु,
गाँउसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
पत्रकार साथीहरु,

यस गरिमामय सभामा गाउँपालिका आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत कर्मचारीहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु तथा यस खार्पुनाथ गाँउपालिकाका पुर्व उपाध्यक्ष स्व सिन्धु हमाल शाही र पुर्व ४ नं वडा अध्यक्ष श्री लोकजंग हमाल र वडा नं ३ का वडा सदस्य सुत्त रावल प्रति भावपुर्ण भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर,मुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार

निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ । गाउँपालिका उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिका पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

सर्वप्रथम यस खार्पूनाथ गाँउपालिकाको पन्द्रौं बजेट अधिवेशन तथा गाँउ सभा बैठकको अवसरमा उपस्थित सम्पूर्ण महानुभावलाई हार्दिक स्वागत गर्दछु । खार्पूनाथ गाँउपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतःनेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानीय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा,

लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानीय तहको मध्यकालिन खर्च संरचना MTEF अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानीय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०८१।०८२को बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता साँस्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ । कृषि तथा औषधिजन्य जडिबुटीहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको खार्पूनाथ गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक साँस्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस खार्पूनाथ गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी खार्पूनाथ गाँउपालिकाका जनताहरुले

हाम्रो काँधमा सुम्पिएका छन् । त्यसैले विकसित र समृद्ध खार्पूनाथ गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन ।

माननीय अध्यक्ष ज्यू सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु, बजेट तथा कार्यक्रमको उदेश्य मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको प्रमुख उदेश्यः-**

आ.ब.२०८१।०८२ को यस खार्पूनाथ गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई विकासको बाटोमा अघि बढाउनु रहेको छ ।

यसका लागि कृषि पर्यटन जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक शिक्षा स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

माननिय अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,

अब आ.व.२०८१।०८२को प्रस्तावित बजेट तथा आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व. २०८१।०८२ को लागि खार्पूनाथ गाँउपालिकाको कुल प्रस्तावित बजेट रु. ३७९२७६०००।०० (अक्षेरूपी सैंतिस करोड बयानब्बे लाख छयत्तर हजार) रुपैया हुन आएको छ ।

| श्रोत | रकम रु. अंकमा | रकम रु. अक्षरमा |
|---|---|---|
| संघीय सरकारवाट प्राप्त | १८७८३६०००।०० | ( अठार करोड अठहतर लाख |

<table>
<tr><td colspan="2">सर्शत अनुदान</td><td></td><td>छत्तिस हजार मात्र)</td></tr>
<tr><td colspan="2">संघीय सरकारवाट प्राप्त समानिकरण अनुदान</td><td>७१२०००००|००</td><td>( सात करोड बाह्र लाख मात्र)</td></tr>
<tr><td colspan="2">संघीय सरकारवाट प्राप्त राजश्व बाँडफाँड</td><td>७१६०००००|००</td><td>( सात करोड सोह्र लाख मात्र)</td></tr>
<tr><td colspan="2">कर्णाली प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदान</td><td>३१५३५०००|००</td><td>(तिन करोड पन्द्र लाख पैतिस हजार मात्र)</td></tr>
<tr><td colspan="2">कर्णाली प्रदेश सरकारवाट प्राप्त समानिकरण अनुदान</td><td>६४०५०००|००</td><td>( चौसट्ठी लाख पाँच हजार मात्र)</td></tr>
<tr><td colspan="2">कर्णाली प्रदेश सरकारवाट राजश्व बाँडफाँड</td><td>५०००००|००</td><td>( पाँच लाख मात्र )</td></tr>
<tr><td colspan="2">प्रदेश सरकारबाट प्राप्त समपुरक</td><td>८२०००००|००</td><td>(बयासी लाख मात्र)</td></tr>
<tr><td colspan="2">आन्तरिक श्रोत</td><td>२००००००|००</td><td>( विस लाख मात्र )</td></tr>
<tr><td colspan="2"></td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७९२७६०००|००</td><td>(अक्षेरूपी सैंतिस करोड बयानब्बे लाख छयत्तर हजार)</td></tr>
<tr><td>सि.न</td><td>विषयगत क्षेत्र</td><td>अंकमा</td><td>अक्षरमा</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १ | आर्थिक विकास | १०२६३०००।०० | एक करोड दुइलाख त्रिसट्ठी हजार मात्र |
| २ | सामाजिक विकास | १६१६०१०००।०० | सोह्र करोड सोह्र लाख दश हजार मात्र |
| ३ | पूर्वाधार विकास | १२०९३६०००।०० | बाह्र करोड नौ लाख छत्तिस हजार मात्र |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८०४७६०००।०० | आठ करोड चार लाख छयत्तर हजार मात्र) |
| ५ | वन तथा वाताबरण विकास समिति | ६००००००।०० | साठी लाख मात्र |
| सबै क्षेत्रको कुल जम्मा | | ३७९२७६०००।०० | (अक्षेरूपी सैंतिस करोड बयानब्बे लाख छयत्तर हजार) |
| चालू खर्चमा विनियोजित रकम रू. | | २५२३४००००।०० | पच्चिस करोड तेइस लाख चालिस हजार एक सय पैतालस मात्र |
| पूजिगत खर्चमा विनियोजित रकम रू. | | १२६९३६०००।०० | बाह्र करोड उनान्सत्तरी लाख छत्तिस हजार |

गाउँपालिका कार्यालय, बाबियाचौर... छुबजार, बार्पुनाथ, कर्णाली प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | मात्र |

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु वुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार, प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी सम्पूर्ण खार्पूनाथ वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस खार्पूनाथ गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने खार्पूनाथ गाँउपालिकाका नागरिक कर प्रदायकहरु खार्पूनाथ गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान गर्नपनि नसकिएला तर बर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी खार्पूनाथ वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्यपनि खार्पूनाथ गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

धन्यवाद ।

**पेश गर्नेः**

ज्ञान वहादुर सिंह

गाँउपालिका उपाध्यक्ष

खार्पूनाथ गाँउपालिका, हुम्ला